कतारमा देवी घर्ती मगरको धमाकेदार प्रस्तुति, दर्शकको ओइरो

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, १ भदौ

सांगीतिक प्रस्तुतिका लागि कतार आइपुग्नेकी लोक तथा दोहोरी गायिका देवी घर्ती मगरले कार्यक्रमको हलमा धमाकेदार प्रस्तुति दिइरहँदा सयौं दर्शक हल बाहिर रोकिएका छन् । अल दाना ब्यूटी सैलुन र आयुषा ब्यूटी सैलुनले आयोजना गरेको तिज विशेष कार्यक्रम-२०२५ मा शुक्रवार मगरले प्रस्तुतिमार्फत उधुम मच्चाइरहँदा हल क्षमताभन्दा बढी दर्शक आएपछि हलमा प्रवेश नै पाएनन् ।

गायिका मगरको प्रस्तुति हेर्न ३ सय ५० जना दर्शक सहभागी हुन पाउने कतारको प्रशासन र संस्कृति मन्त्रालयले अनुमति दिएको हलमा पाँच सयभन्दा बढी दर्शक आएपछि कतारको प्रशासनले मुख्य प्रवेश द्वारमा नै सयौं दर्शकलाई रोकेको हो ।

दोहाको काउन प्लाजाको मनार हलको स्टेजलाई ढोग्दै स्टेज चढेकी मगरले पछिल्लो समयको आफ्नो चर्चित गीत ' खोली सलर'मार्फत प्रस्तुतिको शुभारम्भ गरिन । नयाँ र पुराना गरेर करिब एक दर्जन गीत गएकी मगरले १२ वर्षपछि कतार आउन पाएकोमा खुसी व्यक्त गर्दै 'मयाली', 'माया आउने बस', ' लौरी हरायो', 'कोही छैन'सहित ' उही खोलीमा पानी'समेत गाइन् ।

तिजको दर र सांगीतिक माहोलको बीचमा कार्यक्रमकी सभाध्यक्ष तथा सैलुनकी

सञ्चालिका आयुषा श्रेष्ठ खड्काकी छोरी अनुष्का खड्काले पेस गरेको आफ्नो जीवन गाथाले सबैका आँखा रसाएका थिए । उनले आफ्नो आमाले १६ वर्षमा विवाह गरेर सन्तानकै खुसीका लागि आफू सानै हुँदा प्रवास लागेपछि एउटा छोरीको मानसिकतामा के के बिल्छ तथा प्रवासवाट नै आमाले देखाएको बाटो र निर्बाह गरेको जिम्मेवारीको गाथाले सबैलाई रुवाएको थियो । सोही कार्यक्रममा आफू सामान्य घरेलु श्रीमती मात्र बनेर कतार आए पनि आफ्नो क्षमता देखाउन नहिचकिचाएको बताउँदै क्युएस्टि ट्रेनिङ एन्ड कन्सल्टेन्सीकी सञ्चालिका यास्मिन नाजले आफूसँग भएको क्षमता अभिवृद्धि गर्न आग्रह गरिन् ।

कार्यक्रममा कतारमा रहेका गायक ईशान रेग्मी, रोशन अर्यालसहित गायिकाद्वय रेश्मी सेन्चुरी, किशोर लम्सालसहित अन्य दर्जनौं कलाकारले प्रस्तुति दिए । अग्रज पत्रकार तथा कुशल कार्यक्रम सञ्चालक विजयराज अधिकारी र अनु वस्नेत सुवेदीले मिलेर सहजीकरण गरेको कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेपाली महिला समाज कतारकी अध्यक्ष माया केसीले आयुषा आफैंमा उदाहरणीय र प्रेरणाले भरिएकी महिला भएको हुँदा उनीवाट धेरै कुरा सिक्न सकिने बताइन् ।

कार्यक्रम स्थल बाहिरको भिड र धेरै जना फर्केर जानु परेको अवस्थालाई सम्बोधन गर्दै सभाध्यक्ष खड्काले कतारमा कार्यरत नेपाली दिदीबहिनीहरूसंग भेटघाट होस् र सामूहिक रूपमा सांगीतिक माहोलमा तिज मनाउन सकियोस् भन्ने हेतुले तिज कार्यक्रमको आयोजना गरे पनि यस पटक सहभागीको संख्या उच्च भएको हुँदा आगामी सालदेखि ठूलो हलमा कार्यक्रम आयोजना गर्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले प्रवेश नपाउने सबैप्रति क्षमा याचना गरेकी थिइन् । कार्यक्रममा आयोजक टिमका तर्फवाट दर्जनौं कलाकारले विभिन्न गीतमा आकर्षक नृत्य पेस गरेका थिए । निःशुल्क प्रवेश रहेको कार्यक्रमका सहयोगी, सञ्चारमाध्यम, कलाकारहरू, प्रमुख अतिथिसहित कार्यक्रम सञ्चालकलाई पनि सम्मान गरिएको थियो ।

आइतवार बिहान नेपाल फर्किएकी गायिका मगरलाई शनिवार साँझ कतारमा रहेका तीन फरक संस्थाले सम्मान समेत गरेको छ । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानकी केन्द्रीय सचिवसमेत रहेकी मगरलाई प्रतिष्ठान कतार शाखा, नेपाल मगर संघ, शाखा कतार र बागलुङ सेवा समाज दोहा कतारले एकै हलमा एक साथ सम्मान गरेका हुन् ।

ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!
शून्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारीको अवसर !!

कम्पनी Kelvin Catering Services (Emirates) LLC — देश : UAE
पूर्व स्वीकृत मिति: २०८२/०७/०८ — चलानी नं.: ६७५४९१७६ — LT. No.: 327376

सि. नं.	कामदारको पद	नाम संख्या पुरुष	नाम संख्या महिला	स्थानको संख्या	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाइम सुविधा	छुट्टिका दिन	खाजा वापत नगी दिने	बिमा सुविधा	बस सुविधा	बचत सुविधा	बचत अवधि
1.	Arabic Food Cook/cooks	7	0	सम्बन्धित कामका दक्ष	1600	६९८६६	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	छ	२ वर्ष
2.	Butchery	2	0		1800	६८७०८							
3.	Foreign Food Cook	35	0		1800	६८७०८							
4.	Painter Wall	1	0		1800	६८७०८							
5.	Supervisor/gen. Supervisor	3	1		2500	५४१५०							
6.	Waiter (General)	0	7		1200	४४६७२							

अन्तर्वार्ता सिङ्गार होटल नारायणघाट स्पूरोड मरतपुर-३, वितवनमा २०८२ भदौ ५ गते (21 August 2025) मा हुनेछ ।

न्यूनतम वर्ष नौकरीको अनुभव	विद्यालय वर्ष नौकरीको अनुभव	न्यूनतम तलब नगद बापत बढ्ने	न्यूनतम तलब नगद बापत नबढ्ने	राजदूतावास दूतावास रेफर	बिमा शुल्क	विदेश शुल्क	विदेश शुल्क	विमा सुरक्षण	अस्पतालको खर्च	एक पुष्ठ
				बाट लिए	बापत लाग्ने	बापत लाग्ने	बापत नलाग्ने	दुख कष्ट नलाग्ने	दुर्घटनाको खर्च	
रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रु. ८४६ रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रु. ८४० रोजगारदाता	रु. १,७२० रोजगारदाता	कि.कुल

दर्ता स्वीकृत [illegible] Vision & Value Overseas Pvt. Ltd.
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379150 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, कलंकी शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०५/०२ गते)

यस बैकवाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिंदै बैकलाई गरिदिएको कर्जा लिखतहरु तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरतावंकेता गर्दा समेत सोको कुनै चासो नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फाईयोट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल माघ महिना ३० गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौंमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सकेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हामो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँउ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा रफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.सं.	ऋणीको नाम र ठेगाना :
१.	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. नं. ४५१६५/०६३/०६४ कायम भई मिति २०६३/०५/०५ मा दर्ता भएको काठमाण्डौ जिल्ला, कान्.न.पा. वडा नं. २४ स्थित **श्रेष्ठ ट्रेडर्स एण्ड ड्रग्स्टोर्स प्रा. लि. ।**
	व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
१.	सिंह बहादुर श्रेष्ठको नाति, गुरू श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. ५ बस्ने **अमन श्रेष्ठ ।**
२.	बुध्दिनारायण महर्जनको छोरी, अमन श्रेष्ठको श्रीमती, काठमाण्डौ जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. ५ बस्ने **मुना श्रेष्ठ ।**
३.	सिंह बहादुर श्रेष्ठको नाति, गुरू श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. ५ बस्ने **राज श्रेष्ठ ।**
	धितो सुरक्षणको विवरण
१.	**अमन श्रेष्ठ**को नाममा माल्पोत कार्यालय कलंकी, काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, थानकोट मावंदेवस्थान गा.वि.स./न.पा. वडा नं. ५ स्थित नक्सा सिट नं. ५ को कित्ता नं. ५०४५, ५१७३ ५१८० र ५१८३ को क्रमशः १-१-१-३, ०-१-०-०, ०-०-०-१ र ०-०-३-० (रो–आ–पै–दा) क्षेत्रफल रहेको जग्गा र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२.	**श्रेष्ठ ट्रेडर्स एण्ड ड्रग्स्टोर्स प्रा. लि.**को नाममा माल्पोत कार्यालय धाविडमा दर्ता श्रेस्ता कायम रहेको धाविडं जिल्ला, नौबिसे गा.वि.स./न.पा. वडा नं. ५ स्थित नक्सा सिट नं. ५क को कित्ता नं. ८९१, ८९३, ९१५ र ९१६ को क्रमशः ५-०-३-१, ५-१०-३-१, ०-७-१-० र ०-८-०-० (रो–आ–पै–दा) क्षेत्रफल रहेको जग्गा र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. ईच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३.०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पतीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्सालर वा शाखा कार्यालय कलंकीमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी कर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त शर्ती पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. ईच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८२ साल भाद्र महिना २२ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८२ साल भाद्र महिना २४ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ ।
समय : दिनको ३.०० बजे ।

सानिमा बैंक — www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोन: ९१७०-१-५१७००३३, फ्याक्स: ९१७०-१-५४२८९६२, ईमेल: sanima@sanimabank.com

युएईमा रोजगार — कम्पनी : MARHABA BUILDING CLEANING SERVICES — शहर: UAE.AJMAN
पूर्व स्वीकृत मिति: २०८२/०८/२० — चलानी नं.: ६७५२५९८ — LT. No.: 329398

सि. नं.	कामदारको पद	नाम संख्या पुरुष	नाम संख्या महिला	स्थानको संख्या	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाइम सुविधा	छुट्टिका दिन	खाजा वापत नगी दिने	बिमा सुविधा	बस सुविधा	बचत सुविधा	बचत अवधि
1.	Labour	100	0	का.समस्या अनुसार	1000	३८,७६०	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	EB	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ९ गते (25 August 2025) मा हुनेछ ।

न्यूनतम वर्ष नौकरीको अनुभव	विद्यालय वर्ष नौकरीको अनुभव	न्यूनतम तलब नगद बापत बढ्ने	न्यूनतम तलब नगद बापत नबढ्ने	राजदूतावास दूतावास रेफर	बिमा शुल्क	विदेश शुल्क	विदेश शुल्क	विमा सुरक्षण	अस्पतालको खर्च	एक पुष्ठ
				बाट लिए	बापत लाग्ने	बापत लाग्ने	बापत नलाग्ने	दुख कष्ट नलाग्ने	दुर्घटनाको खर्च	
रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रु. ८४६ रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रु. १,७२० रोजगारदाता	रु. १,७२० रोजगारदाता	कि.कुल

दर्ता स्वीकृत [illegible] M.B. HUMAN RESOURCE PVT. LTD.
Kathmandu, Nepal
Basundhara, Kathmandu, Tel.: 4016801, Fax : 4016804 | E-mail : admin@mbmanpower.com
Web.: www.mbmanpower.com.np | Mobile No.: 9814067324, 9849362405, 9851168891, 9841374012

साइप्रसमा रोजगार — कम्पनी : ZAWYA OFFICE EMPLOYMENT LTD-LIC 456 — शहर: NICOSIA
पूर्व स्वीकृत मिति: २०८२/०७/२० — चलानी नं.: ६७५१३२६२ — L.T. No.: 329407

सि. नं.	कामदारको पद	नाम संख्या पुरुष	नाम संख्या महिला	स्थानको संख्या	मासिक तलब EURO	मासिक तलब रु.	ओभर टाइम सुविधा	छुट्टिका दिन	खाजा वापत नगी दिने	बिमा सुविधा	बस सुविधा	बचत सुविधा	बचत अवधि
1.	Domestic Worker	0	25	का.समस्या अनुसार	400	६५,३५६	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	EB	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ९ गते (25 August 2025) मा हुनेछ ।

न्यूनतम वर्ष नौकरीको अनुभव	विद्यालय वर्ष नौकरीको अनुभव	न्यूनतम तलब नगद बापत बढ्ने	न्यूनतम तलब नगद बापत नबढ्ने	राजदूतावास दूतावास रेफर	बिमा शुल्क	विदेश शुल्क	विदेश शुल्क	विमा सुरक्षण	अस्पतालको खर्च	एक पुष्ठ
				बाट लिए	बापत लाग्ने	बापत लाग्ने	बापत नलाग्ने	दुख कष्ट नलाग्ने	दुर्घटनाको खर्च	
रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रु. ८४६ रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रु. १,७२० रोजगारदाता	रु. १,७२० रोजगारदाता	कि.कुल

दर्ता स्वीकृत [illegible] Superb Solutions Pvt. Ltd.
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौं, फोन : ४४६५१४३, ४४६५१८
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np
Mobile: 9851324654 | 9818374449 | 9746504113 | 9851027524

युएईमा रोजगार — कम्पनी : SKILL SET BUILDING CLEANING SERVICES CO L.L.C — शहर: UAE.DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०७/२० — चलानी नं.: ६७५३२५१ — LT. No.: 328911

सि. नं.	कामदारको पद	नाम संख्या पुरुष	नाम संख्या महिला	स्थानको संख्या	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाइम सुविधा	छुट्टिका दिन	खाजा वापत नगी दिने	बिमा सुविधा	बस सुविधा	बचत सुविधा	बचत अवधि
1-	Cleaner Hospital	6	0	सम्बन्धित कामका दक्ष	1000	३८,७६०	का.नि. अनुसार	८ घण्टा	६ दिन	का.नि. अनुसार	EB	२ वर्ष
2-	Cleaners (Male)	10	0		1000	३८,७६०							
3-	Housekeeping Cleaner	5	0		1000	३८,७६०							

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ भदौ ९ गते (25 August 2025) मा हुनेछ ।

न्यूनतम वर्ष नौकरीको अनुभव	विद्यालय वर्ष नौकरीको अनुभव	न्यूनतम तलब नगद बापत बढ्ने	न्यूनतम तलब नगद बापत नबढ्ने	राजदूतावास दूतावास रेफर	बिमा शुल्क	विदेश शुल्क	विदेश शुल्क	विमा सुरक्षण	अस्पतालको खर्च	एक पुष्ठ
				बाट लिए	बापत लाग्ने	बापत लाग्ने	बापत नलाग्ने	दुख कष्ट नलाग्ने	दुर्घटनाको खर्च	
रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रु. ८४६ रोजगारदाता	रोजगारदाता	रोजगारदाता	रु. १,७२० रोजगारदाता	रु. १,७२० रोजगारदाता	कि.कुल

दर्ता स्वीकृत [illegible] HELP OVERSEAS PVT.LTD.
Ringroad Nayabato Chowk, Lalitpur, Nepal | Tel phone no: 01-5433336, 9702615492
Email id:- help24cvs@gmail.com, FB Page: helpoverseas PLtd
Gyanu Parsai Jhapa: 9816040406, Sudeep Man Shrestha Pokhara: 9802857000

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

लिलामी सूचना ।

प्रथम पटक सूचना प्रकाशन मिति :- २०८२/०५/०१

यस नगरपालिकामा रहेका तपशिलका पुराना काठ र जस्तापत्रा लिलाम बिक्री गर्नु परेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक फर्म वा कम्पनीहरूबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र कालो सूचिमा नपरेको स्व : घोषणा पत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी बोलपत्र खरिद गरि दाखिला गर्न आव्हान गरिन्छ ।

तपशिलः

सि. नं.	विवरण	एकाई	न्यूनतम मूल्य (मूल्य अभिवृद्धि कर बाहेक)
१.	सालको काठ चिरान-वति	प्रति गोटा	रु. ११०।-
२.	सालको काठ चिरान-कोरो	प्रति गोटा	रु. ५३९।-
३.	सालको काठ चिरान- धरैन	प्रति गोटा	रु. ७१४।-
४	जस्तापाता (२८ गेज मेडियम ०.२८ मिमि ४५ केजी औपत तौल भएको)	प्रति गोटा	रु. १४२।-

शर्तहरुः

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनसम्म अर्थात मिति २०८२/०५/१५ गतेसम्म कार्यालय समय भित्र रु. १,०००।- फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । साथै बोलपत्र फारम खरिद गर्दा आवश्यक कागजात सहित नेविकेन दिनुपर्नेछ ।
२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सबै विवरणहरू प्रष्टसँग अध्ययन गरी सम्बन्धित व्यक्तिले पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर प्रेषकको नाम र ठेगाना प्रष्टसँग लेखी १६ (सोह्र) औं दिन अर्थात २०८२/०५/१६ गते दिनको १२:०० बजेसम्म खाम यस कार्यालयबाट खरिद गरिएको सिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरू वा निजको प्रतिनिधिहरूको उपस्थितिमा नगरपालिकाको कार्यालयमा खोलिने छ । उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा रितपूर्वकको बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
३. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा बिक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।
४. शिलबन्दी बोलपत्र साथ रु. ३०,०००।- (अक्षरेपी तीस हजार) धरौटी रकम यस कार्यालयको नामबाट रहेको ग्लोबल आई.एम.ई बैंक शाखा कार्यालय, गोलबजार, सिरहा स्थित (५५०४०१०००००१६) धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राख्नु पर्नेछ ।
५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
६. लिलाम हुने सामग्री यस कार्यालयको हाता भित्र आई हेर्न सकिनेछ ।
७. स्वीकृत कबोलकर्ताले कार्यालयमा रहेको सम्पूर्ण काठ र जस्तापत्रा लिनुपर्नेछ । नलिए सो कबोलकर्ताको धरौटी जफत गरी नगरपालिकालाई घाटा हुने रकम बाँकी सरह असुल उपर गरिनेछ । त्यस पश्चत दोस्रो कबोलकर्ता लाई लिलामी दिईनेछ ।
८. कुनै कारण जनाई वा नजानई बोलपत्र स्वीकृत अस्वीकृत गर्ने अधिकार गोलबजार नगरपालिकामा सुरक्षित रहनेछ ।
९. अन्य थप जानकारीको लागि कार्यालय समयमा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।